# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं
वागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०७६/०७७
चलानी नं :- ८३५८

मिति: २०७७ / ०३ /१९

विषय: निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै)
टोखा नगरपालिका ।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र संख्या ०७६।०७७ च.नं.१७६५ मिति २०७७।३।१८ गतेको पत्रबाट नेपालको संविधान बमोजिम आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको उल्लेख गर्दै उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रुपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारबाट नियमित रुपले निवृत्तिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७।०३।१७ (मा.मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही बमोजिम हुन अनुरोध भईआएको हुँदा जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध छ ।

..............................
(अनिल प्रसाद जोशी)
अधिकृत सातौं

नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोनः ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्सः ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०७६/०७७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १७६५

२०७७/३/१८

विषयः निर्णय कार्यानवयन गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै।

उपरोक्त सम्बन्धमा नेपालको संविधान वमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने उदेश्यका साथ सामाजिक सुरक्षा ऐन, २०७५ कार्यान्वयनमा आएको हो। उक्त ऐनको दफा १५ को खण्ड (ग) मा अन्य कुनै प्रकारले नियमित रूपले पारिश्रमिक, निवृत्तभरण, अवकाश सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने प्रष्ट व्यवस्था गरेको हुँदा विदेशी सरकारबाट नियमित रूपले निवृतिभरण प्राप्त गरिरहेका नेपाली नागरिकहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्न नमिल्ने भनी मिति २०७७/०३/१७ (मा. मन्त्रीस्तर) बाट निर्णय भएको हुँदा सोही वमोजिम गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

सावित्रा वस्नेत
शाखा अधिकृत